# नेपाल पत्रकार महासंघ मधेश प्रदेशका जिल्ला शाखाहरूको

# संयुक्त विज्ञप्ति

मिति: २०८३/०१/१५

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयअन्तर्गत रहेको आमसञ्चार प्राधिकरणले सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने क्रममा सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएको भए पनि व्यवहारमा त्यसको कार्यान्वयन नदेखिएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

विशेषगरी महोत्तरीको बर्दिबासमा २०८३ वैशाख १५ गतेदेखि सञ्चालन हुन लागेको स्थानीय तहमा पत्रकारिता प्रशिक्षणका लागि प्रशिक्षक तयार पार्ने ३ दिने आवासीय तालिम कार्यक्रम यसै प्रवृत्तिको पछिल्लो उदाहरण हो। प्रारम्भमा जिल्ला शाखाहरूबाट प्रशिक्षक पत्रकारहरूको नामावली माग गरिए पनि त्यसपछि महासंघसँग कुनै सार्थक छलफल नगरी अलग्गै सूचना प्रकाशित गरी आवेदन आह्वान गर्नु संस्थागत समन्वयको मर्मविपरीत भएको स्पष्ट देखिन्छ।

मिति २०८२ चैत १७ गतेको पत्रमार्फत मधेशका आठै जिल्लाबाट ५/५ जनाको नामावली माग गरिए पनि त्यसपछिको प्रक्रियामा महासंघलाई बेवास्ता गरिएको छ। प्राधिकरणले चैत्र २५ गते विवरण पेश गर्नेसम्बन्धी बेग्लै सूचना निकालेको थियो । यसले केवल समन्वयको अभाव मात्र दर्शाउँदैन, महासंघको गरिमा र भूमिकामाथि प्रश्न खडा गर्ने कार्य समेत रहेको हाम्रो ठहर हो।

हामी यस किसिमको गैरजिम्मेवार र असंवेदनशील कार्यशैलीप्रति कडा आपत्ति जनाउँछौं। विगतमा सञ्चालन गरिएका एआईसम्बन्धी तालिमहरूमा पनि स्थानीय पत्रकारहरूको वास्तविक आवश्यकता र सन्दर्भलाई बेवास्ता गरिएको अनुभव दोहोरिनु चिन्ताजनक छ।

यसर्थ, आगामी दिनमा यस्ता कार्यक्रमहरू योजना बनाउँदा र कार्यान्वयन गर्दा अनिवार्य रूपमा महासंघका जिल्ला शाखाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिनुपर्ने माग गर्दछौं । साथै प्रदेश सरकारबाट विनियोजित बजेटको पारदर्शिता र प्रभावकारिता सुनिश्चित गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छौं।

यस्ता मनपरी गतिविधिहरू तुरुन्त सच्याउन आग्रह समेत गर्न चाहन्छौं। हाम्रो सहभागिता, सम्मान र सहकार्यबिना सञ्चार क्षेत्रको दिगो विकास सम्भव छैन भन्ने कुरा सम्बन्धित पक्षले मनन गरोस्।

मनोज बनैता
नेपाल पत्रकार महासंघ
सिरहा शाखा

पुरन साह
नेपाल पत्रकार महासंघ
धनुषा शाखा

ओमप्रकाश ठाकुर
नेपाल पत्रकार महासंघ
सर्लाही शाखा

सञ्जय कार्की
नेपाल पत्रकार महासंघ
रौतहट शाखा

महेशकुमार दास
नेपाल पत्रकार महासंघ
महोत्तरी शाखा

रमेश सुवेदी
नेपाल पत्रकार महासंघ
बारा शाखा

श्रवण देव
नेपाल पत्रकार महासंघ
सप्तरी शाखा

ओमप्रकाश खनाल
नेपाल पत्रकार महासंघ पर्सा
शाखा